नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

आज मिति २०७५/०१/०५ गतेका दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट **"हामी सबैको ईच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा"** भन्ने नाराका साथ **विद्यार्थी भर्ना, स्वागत र टिकाउ तथा सिकाई उपलब्धिमा सुधार अभियान, २०७५** अन्तर्गत सिराहा जिल्लाको कल्याणपुर नगरपालिकामा आयोजित कार्यक्रममा रुपा कुमारी खत्वे र पवन मल्लिक (डोम) को अभिभाकत्व ग्रहण गर्नु भयो। सो अबसरमा प्रधानमन्त्रीज्यूले गर्नु भएको सम्बोधनमा व्यक्त मुख्य बुँदाहरू सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१) एउटै काम गरेर एउटै हिसावले एकै ठाउँ मात्रै ध्यान दिएर देशको विकास हुन सक्दैन। हामीले शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, कृषि, उद्योग, व्यापार, पर्यटनमा ध्यान दिनु पर्छ। यसका लागि हाम्रा छोराछोरीलाई राम्रो शिक्षा दिनु पर्छ।

२) यस सिराहा जिल्लाको साक्षरता ३९ प्रतिशत मात्र छ। यस्तो सजिलो, विद्यालय नजिकै भएको ठाउँमा साक्षरता कम हुनु, वालवालिका विद्यालय नजानु, वालवालिकाहरूले विद्यालय छाड्नु चिन्ताजनक स्थिति हो। अहिलेको एक्काइसौं शताब्दीमा पनि यस जिल्लामा धेरै मानिसहरूले अक्षर चिन्दैनन्। जुन दुःखद स्थिति हो।

३) एकैछिन अगाडि मैले भर्ना गरेको रुपा खत्वेलाइ एकै दिनमा डाक्टर इन्जिनियर बनाउन सकिदैन। तर म दावाका साथ भन्छु अब २० बर्ष पछि यो खत्वे बच्ची डाक्टर, इन्जिनियर, सिइओ मध्ये केही भएर निस्किने छिन्। अब डोम, खत्वे, मुसहर, दुसाध जाति भनेर हेपिने समय होइन। अब हरेक मान्छेले अधिकार, सम्मान र सुरक्षा बराबर पाउँछ ।

४) यो भर्ना अभियान एउटा अभियान मात्रै होइन। हामी देशबाट निरक्षरता मात्र होइन पछौटेपन हटाउन चाहन्छौं। नेपालीहरू विद्वानका शाखा सन्तान हुन्। विद्वानका शाखा सन्तानलाई फेरि विद्वान बनाउन चाहन्छौं।

५) हाम्रो संस्कृतिमा तक्षशिला, नालंदा जस्ता विश्वविद्यालयहरू र अनेक प्रकारका गुरुकुलहरू स्थापना भएर सञ्चालन भएका थिए जतिवेला धर्तीको यस भागमा

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

विश्वविद्यालयहरू थिए त्यसवेला अन्यत्र ज्ञान, शिक्षा, विद्यालय भन्ने केही थिएन। त्यति वेला यहाँ शिक्षाको दियो बलेको मात्र होइन ज्योति नै बलेको थियो। धेरै विद्वानहरू थिए तर आज हामी ती विद्वानका पुर्खाहरू पछाडि परेका छौं। अशिक्षित भएका छौं।

६) अब देश विकास गर्नका लागि योजनाहरू ल्याउनु होस्। कार्यक्रमहरू ल्याउनु होस्। पैसाको बन्दोबस्त म गर्छु। शिक्षामा पछाडि छौं। जनतामा सचेतना फैलिन सकेको छैन। त्यसकारण यसलाई अगाडि बढाउन युवाहरूलाई व्यवसायिक तालिम दिएर दक्ष बनाउनु आवश्यक रहेको छ।

७) आवश्यक स्थानहरूमा विद्यालय स्तरोन्नती गरिने, भवन, कम्पाउण्ड वाल लगायतका आवश्यक पूर्वाधार निर्माण गरिने र शिक्षालाई आधुननिकीरण गर्दै शिक्षालाई साक्षर हुनको लागि मात्र नभएर जीवन उपयोगी बनाइने छ।

८) अहिलेको शिक्षाको स्थितलाई ७० प्रतिशत प्राविधिक शिक्षा र ३० प्रतिशत आधारभूत शिक्षाको रुपमा विकास गर्न हरेक प्रदेशमा एक-एकवटा प्राविधिक विश्वविद्यालय खोलिने र हरेक गाउँ पालिका र नगरपालिकामा प्राविधिक विद्यालयहरूको स्थापना गरिने छन् ।

९) अब नेपाली जनताले छोराछोरीलाई पढाउन चाहन्छन्, नेपाली जनताहरूले विद्यालय, क्याम्पसहरू सञ्चालन गर्न चाहन्छन् त्यसकारण जनताका छोराछोरीहरूलाई पढ्ने अवसरबाट बञ्चित पार्ने गरी हुने राजनीतिको नाममा गलत क्रियाकलाप सह्य हुने छैन।

१०) अब यो जात उ जात को छुत को अछुत यस्तो भावनाका साथ होइन हामी सबै नेपाली दाजुभाई दिदी बहिनीहरू भएकोले आत्म विश्वासका साथ सामाजिक सद्भाव कायम गर्दै विकास र परिवर्तनका लागि अगाडी बढौं। आज मैले एक जना खत्वेलाई नातिनी र एकजना डोमलाई नाति बनाएको छु। अब सबैले फराकिलो मन बनाऔं।

११) दुइ हप्तासम्म चल्ने यस भर्ना अभियानलाई हामीले भर्ना दिवसको रुपमा मनाउन देशभरी यो अभियान शुरु गरेका छौं। म हाम्रा जनप्रतिनिधिहरू, नेताहरू, हाम्रा अगुवा साथीहरूलाई यस अभियानको सफलताको लागि गाउँमा गएर कम से कम एक पल्ट

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

छिमेकीहरूलाई सम्झाउन अनुरोध गर्दछु। विद्यार्थीहरूलाई विद्यालय छाड्न नदिन र विद्यालय जाने उमेरका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न सहयोग गर्न समेत अनुरोध गर्दछु।

१२) शिक्षा प्राप्त गर्नको लागि अहिलेको अवस्था पहिलेको जस्तो असहज छैन। पछाडि परेका एवम् पछाडि पारिएका डोम, चमार, मुसहर दाजुभाई दिदी बहिनीहरू अरूको भर नपरी आकाश तिर हेरेर भगवानले केही गर्लान भनी भर नपरी आफैले छोरा छोरी पढाउन शुरू गर्नु होस्। अलिकति दुःख गर्नु होस्। त्यसको प्रतिफल तपाइहरूले पाउनु हुनेछ।

१३) यस भर्ना अभियान जस्तै अनेक अभियानहरू अगाडि बढाऔं जसबाट हामीले देशमा विकासको लहर ल्याउन सक्छौं र समृद्ध नेपाल र सुखी नेपाली बनाउन सक्छौं।

१४) यस ठाउँबाट शुरू गरेर यहाँका बालबालिकाहरूलाई भर्ना गरी उनीहरूको अभिभावकत्व लिदै म यस अभियानमा लागेको छु। अब जनता, सरकार, प्रशासन, कर्मचारी सबै मिलेर यस अभियानलाई सफल पारौं। यो अभियान यहाँ टुंगिएको छैन। शुरूवात भएको हो।

सो अवसरमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणी पोखरेलले राहुल कुमार महरा, प्रदेश २ का माननीय मुख्यमन्त्री मो. लालबहादुर राउतले सोनु कुमार खत्वे, सिराहा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रूद्र प्रसाद पण्डितले मनिषा कुमारी मल्लिक(डोम) र केन्द्रीय बाल कल्याण समितिका अध्यक्ष तारा धितालले १० जना बालबालिकाहरुको अभिभावकत्व ग्रहण गर्नु भयो।

२०७५ वैशाख ५ गते

७५।०१।०५

**बिनोदबहादुर कुँवर**
**सहसचिव/प्रवक्ता**

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np